March 17th, 2025 Monday

## National News

<u>प्रमुख समाचार:</u>

1. प्रधानमन्त्री नरेन्द्र मोदी र न्यूजील्याण्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनबीच नयाँ दिल्लीमा द्विपक्षीय वार्ता: रक्षा सहयोग, बागवानी, खेलकुद र अन्य धेरै क्षेत्रमा सम्झौताहरूमा हस्ताक्षर
2. प्रधानमन्त्रीले आज साँझ नयाँ दिल्लीमा रायसिना संवादको १० औं संस्करणको उद्घाटन गर्नु हुने
3. उत्तरी कश्मीरको कुपवाडामा सुरक्षा बल र आतंककारीहरू बीच भिडन्त
4. फिलिपिन्सको राजधानी मनिलामा आजदेखि तीन दिने ASEAN गेमिङ शिखर सम्मेलन सुरु हुँदै
5. इङ्ल्यान्डमा कबड्डी विश्वकप-२०२५ सुरु

### 1. New Zealand PM Visit

भारत र न्यूजिल्याण्डले रक्षा, शिक्षा, खेलकुद, बागवानी र वन क्षेत्र गरी जम्मा पाँचवटा सम्झौतामा हस्ताक्षर गरेका छन्। आज नयाँ दिल्लीमा, दुई देशहरूले स्वतन्त्र व्यापार सम्झौता र दक्ष कामदारहरूको आवागमनलाई सहज बनाउने सन्दर्भमा पनि वार्ता सुरु गर्ने घोषणा गरेका छन्। न्युजिल्याण्ड हिन्द-प्रशान्त ओशन पहलमा सामेल भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा न्यूजिल्याण्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनसँग कुराकानी गर्नुभयो। छलफलमा भारत–न्युजिल्याण्ड सम्बन्धका विभिन्न पक्षमा छलफल भएको थियो ।

प्रधानमन्त्रीले दुवै देशले पारस्परिक हितमा हुने स्वतन्त्र व्यापार सम्झौतामा वार्ता सुरु गर्ने निर्णय गरेको बताउनुभयो । यसले आपसी व्यापार र लगानीको सम्भावनालाई प्रोत्साहन गर्नेछ। श्री लक्शनले आफ्नो विज्ञप्तिमा दुई देशहरू पारस्परिक रूपमा लाभदायक स्वतन्त्र व्यापार सम्झौता गर्न तयार रहेको बताउनुभयो। श्री लक्सनले आज साँझ राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मुलाई भेट्नु हुनेछ। विदेश मन्त्रालयका सचिव जयदीप मजुमदारले पछिल्लो एक वर्षमा भारत र न्यूजिल्याण्डबीच धेरै उच्चस्तरीय वार्ता भएको बताउनुभयो। वार्ताका

क्रममा खलिस्तानी तत्वका बारेमा पनि छलफल भएको श्री मजुमदारले बताउनुभयो । न्यु जिल्याण्डका प्रधानमन्त्रीले बुधबार मुम्बईको भ्रमण गर्ने कार्यक्रम छ।

## 2. PM Raisina Dialogue

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा रायसिना संवादको १० औं संस्करणको उद्घाटन गर्नु हुनेछ। उद्घाटन सत्रमा न्युजिल्यान्डका प्रधानमन्त्री क्रिस्टोफर लक्शन प्रमुख अतिथिको रुपमा सहभागी हुनु हुनेछ। तीन दिने यो कार्यक्रम मार्च १९ सम्म चल्ने हाम्रा संवाददाताले जानकारी दिएका छन् । यस वर्षको कार्यक्रमको मुख्य नारा कालचक्र–जनता, शान्ति र पृथ्वी रहेको छ ।

## 3. Rajnath – Tulsi Gabard

रक्षामन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा अमेरिकी राष्ट्रिय गुप्तचर विभागका निर्देशक तुलसी गबार्डसँग भेटवार्ता गर्नुभएको छ। भेटमा दुवै नेताले भारत र अमेरिका बीच सैन्य अभ्यास, रणनीतिक सहयोग र सूचना साझेदारी सहयोगको क्षेत्रमा महत्वपूर्ण प्रगतिको समीक्षा गर्नुभयो। रक्षा मन्त्रालयका अनुसार दुई नेताहरू बीच अत्याधुनिक रक्षा आविष्कार र विशिष्ट प्रविधिहरूमा सहयोगका अवसरहरूबारे छलफल भएको थियो।

## 4. LS Rail Ministry

लोकसभामा रेल मन्त्रालय अन्तर्गत 2025-26 को लागि अनुदानको मागमा छलफल सुरु भयो। छलफलको प्रारम्भ गर्दै कांग्रेस नेतृ वर्षा गायकवाडले देशमा घटित रेल दुर्घटना र भागदौडका लागि केन्द्रको आलोचना गर्नुभयो। छलफलमा भाग लिँदै, तृणमूल कांग्रेसका शताब्दी रोयले अनलाइन रेल टिकट बुकिङ गर्दा यात्रुहरूले सामना गर्ने चुनौतीहरू उल्लेख गर्नुभयो। भाजपाका जनार्दन सिंह सिग्रिवालले रेलवे पूर्वाधारको सुदृढीकरण र आधुनिकीकरणका साथै यात्रुहरूको सुरक्षाका लागि केन्द्रीय बजेटमा २ लाख ६५ हजार करोड रुपैयाँ छुट्याइएको बताउनुभयो । उहाँले सरकारले देशमा १०० नयाँ अमृत भारत ट्रेन, ५० नमो भारत ट्रेन र २०० वन्दे भारत ट्रेन चलाउने योजना रहेको जानकारी दिनुभयो।

## 5. DoT- HACKATHON

दूरसञ्चार विभागले 5G इनोभेसन ह्याकाथन 2025 को घोषणा गरेको छ। यसले सामाजिक र औद्योगिक चुनौतिहरूलाई सम्बोधन गर्न नवीन 5G-संचालित प्रविधिको विकासलाई गति दिने लक्ष्य राखेको छ। पहलले विद्यार्थी, स्टार्टअप र पेशेवरहरूलाई १०० भन्दा बढी 5G केस ल्याबहरूका लागि कोष र पहुँच प्रदान गर्नेछ।

## 6. DARPG Report

प्रशासनिक सुधार तथा सार्वजनिक गुनासो विभाग-DARPG ले फेब्रुअरी महिनाको लागि केन्द्रीकृत सार्वजनिक गुनासो निवारण र कार्यसम्पादनको अनुगमन प्रणालीको 34 औं मासिक प्रतिवेदन जारी गरेको छ। यस वर्षको फेब्रुअरी महिनामा केन्द्रीय मन्त्रालय र विभागहरूले करिब एक लाख १२ हजार गुनासोहरू समाधान गरेका छन्। यी गुनासोहरू समाधान गर्न औसत 15 दिन लाग्यो। समूह 'क' मा खाद्य तथा सार्वजनिक वितरण विभाग, दूरसञ्चार तथा हुलाक विभाग, समूह 'ख' मा संसदीय मामिला, आयुष र भूमिस्रोत विभाग शीर्ष स्थानमा रहेको प्रतिवेदनमा उल्लेख छ ।

## 7. Dolphin

भारतमा भएको पहिलो डल्फिन माछा सर्वेक्षण अनुसार देशभरका नदीहरुमा करिब ६ हजार ३ सय २७ डल्फिन पाइन्छ । असमका पाँच नदीमा ६ सय ३५ डल्फिन छन्।

## 8. J & K Encounter

जम्मू कश्मीरको उत्तरी कश्मीरको कुपवाडा जिल्लामा सुरक्षा बल र आतंककारीहरू बीचको भिडन्तमा एक अज्ञात आतंकवादी मारिएका छन्। आज बिहानैदेखि भिडन्त सुरु भएको हो । मुठभेड स्थलबाट एक AK-47 राइफल बरामद गरिएको छ। यसअघि, सुरक्षा बलहरूले कुपवाडा जिल्लाको केही क्षेत्रहरूमा आतंककारीहरू लुकेका छन् भन्ने विशेष सूचनाको आधारमा घेरा र खोज अभियान सुरु गरेका थिए। अभियान अझै जारी रहेको सेनाका प्रवक्ताले जानकारी दिएका छन् ।

## 9. NASA – American Astronauts

अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन-आईएसएसमा नौ महिनाभन्दा बढी समयदेखि फसेका दुई अन्तरिक्ष यात्री भोलि राति पृथ्वीमा फर्किनेछन्। नासाले एक विज्ञप्तिमा सुनिता विलियम्स र बुच विल्मोरलाई SpaceX Crew Dragon Craft मार्फत घर ल्याइने बताएको छ। दुवै अन्तरिक्ष यात्री जूनदेखि आईएसएसमा फसेका छन्।

## 10. Sports News

अब खेल समाचारः इंग्ल्याण्डमा आज साँझदेखि कबड्डी विश्वकप–२०२५ सुरु भएको छ । भारतीय पुरुष टोलीले आफ्नो अभियानको सुरुवात इटालीसँगको खेलबाट गरिरहेको छ। सात दिनसम्म चल्ने यस विश्वकपमा ६० भन्दा बढी खेल हुनेछन् । पुरुषतर्फ १० टोलीको सहभागिता रहेको छ जसलाई दुई समूहमा विभाजन गरिएको छ। टेनिसमा रुसकी मिरा एन्ड्रिभाले अमेरिकाको क्यालिफोर्नियामा भएको इन्डियन वेल्स ओपनमा महिला सिंगल्सको उपाधि जितेकी छिन् । १७ वर्षीया एन्ड्रीभाले हिजो भएको फाइनलमा विश्व नम्बर एक बेलारुसकी आर्यना साबालेन्कालाई पराजित गरिन् । अर्कोतर्फ पुरुष एकलमा बेलायतका ज्याक ड्रेपरले पहिलो पटक एटीपी मास्टर्स १००० उपाधि जितेका छन् । फिलिपिन्सको राजधानी मनिलाको साङ्ग्रिला फोर्टमा आजदेखि तीन दिने ASEAN गेमिङ शिखर सम्मेलन सुरु हुँदैछ । बुधबारसम्म चल्ने यस अन्तर्राष्ट्रिय गेमिङ सम्मेलनमा फिलिपिन्स, भारत, अष्ट्रेलिया, मलेसिया, जर्मनी, बेलायत, रुस, जापान, सिङ्गापुरलगायत देशका करिब एक हजार ६ सय खेलाडीको सहभागिता रहनेछ ।